# भूकम्पपीडितलाई नमुना घरको सूची

-कान्तिपुर संवाददाता, काठमाडौं

पुस १०, २०७२ (भूकम्पपीडितले १७ प्रकारका भूकम्प प्रतिरोधी नमुना घर बनाउन सक्ने भएका छन् । सहरी विकास मन्त्रालयले राष्ट्रिय भवन संहिताअनुसार नमुना सूची तयार पारेको हो । सोही सूचीबाट छनोट गरेर पीडितले निर्माण गर्ने नयाँ घरका लागि ढुंगा-माटो, ढुंगा-सिमेन्ट, इँटा-माटो र इँटा-सिमेन्ट गरी चार वटा पद्धति अपनाउन सक्नेछन् । १७ मध्ये आठ नमुना ढुंगा र सिमेन्टका छन् भने सात वटामा इँटा र सिमेन्ट प्रयोग गर्न सकिन्छ । ढुंगा-माटो र इँटा-माटोका १ र १ नमुना छन् । ढुंगा वा इँटामा माटो प्रयोग गरिने घर एक तलेभन्दा अग्लो बनाउन पाइने छैन । वैशाख १२ को विनाशकारी भूकम्पका कारण ६ लाखभन्दा बढी घर भत्किएका छन् ।

नमुना सूचीमा जग्गा, घरको आकार, जग, गारो र झ्याल-ढोकाबारे पनि उल्लेख छ । दुई तलेभन्दा अग्लो भवन बनाउन पाइने छैन । भुईंको लम्बाइ साढे चार मिटरभन्दा बढी राख्न नपाइने सरकारी मापदण्डमा उल्लेख छ । गारोको उचाइ पनि तीन मिटरभन्दा बढी राख्न पाइने छैन । चौडाइको तीन गुणाभन्दा कम लम्बाइको भवन निर्माण गर्नुपर्नेछ । 'हामीले तयार पारेका नमुना सबै भूकम्प प्रतिरोधी हुन् । भूकम्प पीडितले ठाउँ, इच्छा र स्थितिअनुसार सूचीबाट छनोट गर्न सक्छन् । सरकारी मापदण्डभित्र रहेर निर्माण गर्नुपर्ने छ,' सिनियर डिभिजनल इन्जिनियर सुमन सालिकेले भने । उक्त नमुना सूची भूकम्प प्रभावित हरेक गाविसमा पुर्‍याउने मन्त्रालयले जनाएको छ । सालिकेका अनुसार अलग्गै नक्सा पास गर्नुपर्ने झन्झट हटाइएको छ ।
पीडितले आफ्नो इच्छाअनुसारको नमुना घर छानेर नाम र ठेगाना लेखी दर्ता गराउन सक्नेछन् । तला र भवन बनाउन प्रयोग हुने सामाग्रीअनुसार जगको गहिराइ र उचाइ निर्माण गर्नुपर्छ । २० डिग्रीभन्दा बढी भिरालो जग्गामा भवन निर्माण गर्न पाइने छैन ।

प्रकाशित: पुस १०, २०७२

# ७ वर्षमै सुन्दर पुनर्निर्माण

-गणेश राई, सिचुआन (चीन)




पुस ९, २०७२ (८ रेक्टर स्केलको महाभूकम्प गएको ७ वर्षमै केन्द्रबिन्दु (इपिसेन्टर) मै १५ तला हाराहारीका सयौं भवन बनेका छन् ।

सिचुआन प्रान्तमा सन् २००८ मे १२ मा महाभूकम्प गएको थियो । करिब ८० हजारको ज्यान गएको थियो भने २० हजारभन्दा बढी बेपत्ता भएका थिए । हजारौं घाइते भए । भूकम्प केन्द्रबिन्दुको पहाडै पल्टिएको थियो । खोच तथा फेदीहरूको बस्ती ध्वस्त बनेका थिए ।

भूकम्पको केन्द्रबिन्दु ली काउन्टीको मिनचाङ नदी किनारमा पर्न गयो । जुन ठाउँ समुद्री सतहदेखि १ हजार ३ सय २५ वर्ग मिटर उचाइमा छ । माथि उभिएका पहाडमा ढकमक्क हिउँ छ । अप्ठ्यारा पहाडी बस्तीहरू सोही क्षेत्रको नदी किनारातर्फ सारिएका छन् ।

सिचुआन प्रान्तमा रहेका ५५ जनजातिको ऐतिहासिक थातथलो, संस्कृति र सघनता संरक्षित हुने गरी घर तथा बसोबास क्षेत्र निर्माण गरिएको छ । भूकम्पले यिनै अल्पसंख्यकहरूको बस्तीलाई नराम्रोसँग ध्वस्त पारेको थियो ।

भूकम्पको सात वर्षमा पहिलेभन्दा व्यवस्थित र सुरक्षित बस्ती बसाइएका छन् । खोला तथा नदीको बीचमा भौतिक संरचनाहरू निर्माण गरेर बस्ती तथा सहरको विकास गरिएको छ । पहाडबाट विस्थापित अल्पसंख्यक आदिवासी समुदायलाई उनीहरूको भाषा, संस्कृति, रहनसहन सहित सोही क्षेत्रमा व्यवस्थित रूपमा बसोबास गराइएको छ । उनीहरूलाई पुरानो मौलिक शैलीमा आधारित नयाँ घरहरू सरकारले बनाइदिएको छ ।

नदी तटीय क्षेत्रमा पर्यटन तथा व्यावसायिक प्रयोजनमा आउने गरी १५ तल्लासम्मका भवनहरू बनाइएका छन् । लामा सुरुङ मार्गहरू निर्माण गरिएका छन् । प्रत्येक ठूलो भवनको चारतर्फको खम्बामा भूकम्पको झड्काअनुसार लच्किने स्प्रिङ राखिएका छन् । जसले गर्दा फेरि त्यति नै रेक्टर स्केलको भूकम्प आउँदा एकैचोटि भत्किने छैन । परम्परागत ज्ञान, सीप, कलालाई व्यावसायिक तथा पर्यटकीय रूपमा प्रवर्द्धन गरिएको छ ।

भूकम्पपछि सरकारले भूकम्प प्रतिरोधात्मक घरहरू, सेमिनार हल, सामुदायिक अस्पताल लगायत आवश्यक सामाजिक भौतिक पूर्वाधारहरू निर्माण गरिदिएको छ । 'पहिले कति धेरै दुस्ख थियो, माथि पहाडको गाउँमा तर अहिले सजिलो भएको छ,' चाङ जातिका प्रतिनिधि हुएन चाङले भने । भूकम्पमा परेर उनले एउटा खुट्टा गुमाएका छन् ।

भूकम्पको पीडादायी इतिहासलाई भावी सन्ततीका लागि जीवन्त राखिएको लि काउन्टीका स्थानीय मन्त्री याङले बताए । 'यसरी भूकम्पबाट विच्छेद संरचनाजस्ताको तस्तै रहन दिँदा भविष्यमा हुन सक्ने भूकम्पीय क्षतिको पूर्वानुमान राखेर सुरक्षा अपनाउन सक्नेछन्,' उनले भने ।

पुनर्निर्माण कार्यमा केन्द्रीय सरकार र छिमेकी प्रान्तीय सरकार सहयोगमा गरिएका हुन् ।

प्रकाशित: पुस ९, २०७२



यो पुस्तिका, हाम्रो विशेष अनुरोधमा, स्पेनका नागरिक Xavier Codina Joseph ले लामो समय खर्चिएर, अतिगहन अध्ययन गरि तयार परिएको हो । यो प्राविधिक र विभिन्न पक्षसंग सम्बन्धित भएको ले उहाँको व्यक्तिगत पहलमा विभिन्न विज्ञाहरू र निर्माण सम्बन्धि संस्थाहरूसंग परमर्ष पनि लिएर तयार परिएको पुस्तिका हो । यो पुस्तिकाको मूल उद्देश्य ढुङ्गा, माटो र काठ प्रयोग गरि स्थानिय वास्तुकलामा आधारित रही कसरी भुकम्प निरोधक अथवा बलियो घर निर्माण गर्न सकिन्छ भन्ने तर्फ केन्द्रित रही निर्माणमा देखिएका कमि-कमजोरीहरू औंलाएको छ र यसलाई कसरी स्तरिय र बलियो बनाउन सकिन्छ भन्ने उपायहरू सुजाएको छ। यो पुस्तिका एउटा व्यक्तिले अर्कालाई अथवा एउटा समुदायले अर्का समुदायलाई निस्वार्थ रूपमा गरिएको सहयोग हो तसर्थ यो पुस्तिका कसैले बिक्रि वितरण अथवा यसको कुनैपनि पक्षलाई नाफामुखी रूपमा प्रयोग गर्न निषेद छ ।

घर एउटा शोभाको लागि बनाउने नभएर आफु र आफ्नो मान्छे सुरक्षित बस्नको लागि बनाउने हो तसर्थ घर बनाउनु भन्दा अगाडी घर धनी स्वयमले यो पुस्तिकाले सुजाएको कुराहरूलाई मनन् गर्नु पर्छ । र निर्माण थाल्नु भन्दा अगाडी डकर्मी, सिकर्मी र निर्माण कार्यमा सम्लग्न अन्य व्यक्तिसंग विभिन्न चरणमा छलफल गरि निर्माण विधिमा सहमत हुनुपर्छ र एउटा सुरक्षित घर निर्माण गर्नुपर्छ । यदि घरको कुनै भागमात्र भत्किएको छ र त्यो भागमात्र निर्माण गर्ने भएपनि माथिको विधि अपनाउनु पर्छ ।

यदि यो पुस्तिका कुनै व्यक्ति, जिल्ला, गा.वि.स., वडा वा समुह लगायतलाई चाहिएमा निम्न ठेगानामा सम्पर्क गरि नि:शुल्क प्राप्त गर्नु होला ।

**सबै नेपालीलाई एक सुरक्षित र आरमदायी घरको कामना सहित**

**डिमा देण्डी शेर्पा**
अध्यक्ष
पिके हिल सोसियल
अर्गानाइजेशन
गोली-८, सोलुखुम्बु
www.peekyhill.org
phisonepal@gmail.com

**विशेष धन्यवाद**

**श्री Xavier Codina Joseph,**
**श्रीमती Arola Balanzo Moral**
**र**
**सबै सहयोग कर्ताज्यूहरूलाई ।**